# ९ आशाको किरण

*यस अध्यायका मूल पदहरू:* हितोपदेश १७:२८, अय्यूब १३:१-१५, याकूब २:२०-२२, १ कोरन्थी १५:११-२०, १ पत्रुस १:१८-२० र उत्पत्ति २२:८।

*यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:* **"मेरो मामिलामा जे हुने भएतापनि मलाई यो निश्चय छ कि म अझै उद्धार पाउनेछु। आखिरमा कोही पनि परमेश्वरलाई नमान्ने वा अधर्मी व्यक्ति परमेश्वरको सिहाँसनको सामु आउन सक्दैन" (अय्यूब १३:१६ रूपान्तरित)।**

आफ्नो पुस्तकमा बिलायतका लेखक विलियम हाजलित यसो भन्छन्: "संसारका कुनै जनावरहरूमा मानिस मात्र त्यो जनावर हो जो हाँस्छ र रुन्छ। किनभने मानिसमात्र त्यो जनावर हो जसलाई यो थाहा छ कि के भइरहेको छ र के हुनुपर्ने हो।"

हो, वास्तविक रूपमा जे हुनुपर्ने थियो सो भएको छैन। तर येशूको आगमनको प्रतिक्षामा रहेका येशूभक्तहरूको निम्ति सर्वोपरि आशा छ। जे हुनुपर्ने हो त्यो पछि हुनेछ भन्ने हामीमा ठूलो आशा छ (२ पत्रुस ३:१३)। पछि जे हुनुपर्ने हो सो यसरी अचम्मको हुनेछ कि हामीहरूको पापले कब्जा गरेको दिमागले (१ कोरन्थी १३:१२) त्यसको कल्पना गर्न असमर्थ छौं। संकुचित, सांसारिक दिमागमा त्यो आशा धेरै समय अघि नै बिलाएर गएको थियो।

यस अध्यायमा पनि दु:खकष्ट र पीडाले ल्याउने अनेकौं प्रश्नहरूको संङ्गालोको जवाफ अय्यूबको पुस्तकबाट पाउन प्रयत्न गरिनै रहनेछौं। दु:ख र अन्यायी घट्नाहरू अय्यूबको जीवनमा निर्दयी तथा निर्मम तरिकाले बज्रेको थियो। त्यसको अन्धकारमा छामछुम गरिरहेका अय्यूबले अझै पनि आशाका वचनहरू उनका मुखबाट छर्न सकेका थिए।

त्यो आशा के हो त? त्यसले हामीलाई के भन्छ जसले गर्दा हामी पनि त्यही आशालाई पकडि राखेर अर्थमूलक जीवन बिताउन सकौं?

## १. झुठा उत्पादन गर्ने कठित खेताला एबं गोठालाहरू (अय्यूब १३:१-१४)

"मूर्ख मानिस चुपचाप बस्यो भने त्यो मानिस बुद्धिमानी हो भनेर हामी सोच्दछौँ। यदि उसले आफ्नो जिब्रोलाई सम्हाल्न सक्यो भने जे ठिक छ सो उसलाई थाहा छ भनेर बुझेको छ भनेर हामी अनुमान गर्न सक्छौँ" (हितोपदेश १७:२८ रूपान्तरित)।

आफ्नो बारेमा जे भन्न चाहेपनि भनोस भनेर अय्यूबले मानिसहरूलाई भन्न दिएतापनि आफ्ना मित्रहरूले उनलाई बेइज्जत र झुठा आरोपका वचनका वाणहरू उनीमाथी छरिँदा उनी चुपचाप लागेर बस्ने निधो गरेका थिएनन्। साँच्चिकै भनौं भने अय्यूबको पुस्तकको अधिकांस भागहरूमा अय्यूबका मित्रहरूले उनीमाथि सत्य र झुठालाई मिलाएर उनीमाथि फ्याँकेका निष्ठुर वचनहरूको प्रतिवाद गर्न उनी संघर्ष गरिरहेका थिए भनेर देखाउँछ। सहानुभूति प्रकट गर्न आएका ती मित्रहरू उनीमाथि संवेदनशील थिएनन् न त दया तथा करुणाले तिनीहरूको दिमाग भरिएको थियो। आफूहरू धर्मी हौं र धर्मका रक्षकहरू हौं भनेर अतिवादीको पहिरण ओढेर तिनीहरूले परमेश्वरको पक्षमा बोल्दै अय्यूबलाई किन त्यस्तो भयो भनेर व्याख्या गर्न खोजेका थिए। अय्यूबलाई जे भयो त्यो उनकै पापको परिणाम उनले भोगिरहेका थिए भनेर ती तिनै मित्रहरूले ठोकुवा गरेका थिए। एक जनाले मात्र त्यो भनेको भए शायद ठिकै हुने थियो होला तर तिनै जनाले बहमुतको आवाज भएर बोल्दै अय्यूबलाई आरोप लगाउनु भनेको उनको निम्ति अति भएको थियो। उनीहरूको आरोपको खण्डन गर्न अय्यूब बोल्न थाल्छन्।

अय्यूबलाई आफ्ना मित्रहरूले उनीमाथि जुन् आरोपहरू लगाएर आफ्नो पीडाको आगोमा घिऊ थपिरहेका थिए उनले तिनीहरूलाई कस्तो जवाफ दिएका थिए? (यथार्थमा ती मित्रहरूले उनको चरित्र हत्या गर्न खोजिरहेका थिए) हेर्नुहोस् अय्यूब १३:१-१४ "१ "यी सबै ता मैले आफ्नै आँखाले देखेको छु, मेरा आफ्नै कानले ती सुनेको छु, र मैले ती बुझेको छु। २ तपाईंहरू जे जान्नुहुन्छ, त्यो म पनि जान्दछु। कुनै कुरामा म तपाईंहरूभन्दा कम छैनँ। ३ तर मचाहिँ त सर्वशक्तिमान्‌सँग कुरा गर्न, र परमेश्वरसँग बहस गर्न चाहन्छु। ४ तपाईंहरूचाहिँ आफ्ना झूटा कुराले सत्यलाई कलङ्कित पार्नुहुन्छ, तपाईंहरू सबै बेकम्मा वैद्यहरू हुनुहुन्छ, तपाईंहरू सबै! ५ तपाईंहरू चूप लागी बसे ता हुनेथियो! चूप लागेकोले नै तपाईंहरू बुद्धिमान् ठहरिनुहुनेथियो! ६ अब मेरो बहस सुन्नुहोस्, अनि मैले मेरो मामिला

पेश गर्दा ध्यानसित सुन्नुहोस्। ७ के तपाईंहरू परमेश्वरको पक्षमा भएर यसरी अप्रिय कुरा बोल्नुहुन्छ अथवा उहाँको तर्फ भएर तपाईंहरू झूटो कुराको साबित गर्नुहुन्छ ८ के तपाईंहरूले परमेश्वरको पक्ष लिनैपर्छ अथवा उहाँको निम्ति मामिला पेश गर्नुहुन्छ ९ उहाँले तपाईंहरूको जाँच गर्नुहुँदा के सबै ठीकै पाइएला के मानिसहरूलाई छक्क्याएझैं तपाईंहरू उहाँलाई पनि छक्क्याउनुहुन्छ १० मलाई झूटा दोष लाएर तपाईंहरूले उहाँको पक्ष लिनुभयो भने, उहाँले निश्चय नै तपाईंहरूलाई हप्काउनुहुन्छ। ११ के परमेश्वरको महामहिमाले तपाईंहरूलाई भयभीत पार्दैन र के उहाँको भयले तपाईंहरूलाई विह्वल पार्दैन १२ तपाईंहरूको सिद्धान्त वा तर्क त धूलो र खरानी मात्र हो, तपाईंहरूका सुरक्षा माटोजस्तै हुनेछन्। १३ "तपाईंहरू चूप लागी बस्नुहोस्, मलाई मेरो मनको कुरा बोल्न दिनुहोस्, अनि ममाथि जे हुन आउँछ, सो आउन दिनुहोस्। १४ म किन आफूलाई खतरामा हाल्छु, र मेरो प्राण आफ्नै हातमा लिन्छु

जब अय्यूबका मित्रहरू उनलाई भेट्न आउँछन् तब उनको दुर्गती देखेर सात दिनसम्म त केही बोल्नै नसकी चुपचाप बसेका थिए भनेर अय्यूब अध्याय २मा उल्लेख गरिएको छ। तब पछि तिनीहरूले अय्यूबलाई उनको बारेमा जे जे बोले सो बोलिसकेपछि तिनीहरू चुपचाप बस्नु पर्दथ्यो। यो चाहीं अय्यूबको चाहना थियो।

यो पनि केलाएर हेर्नुहोस्ः आफ्ना साथीहरूले झुठो बोलिरहेका थिए भनेर अय्यूबले आफूमाथि लगाएका आरोपहरूको खणडन गर्दछन्। परमेश्वरकै नाउँमा वा उनको पक्षमा बोलेतापनि तिनीहरूले उहाँको बारेमा र उहाँको चरित्रको बारेमा झुठा कुराहरू गरिरहेका थिए। (अय्युबको पुस्तकको अन्तमा उल्लेख गरिएको पद अनुसार उपरोक्त कुरा घटलाग्दो छ। हेर्नुहोस् "७ जब परमप्रभु अय्यूबसित बोलिसक्नुभयो तब उहाँले एलीपज तेमानीलाई भन्नुभयो, "तिमी र तिम्रा दुई मित्रहरूसँग म क्रोधित भएको छु, किनभने मेरो दास अय्यूबले मेरो विषयमा भनेझैं तिमीहरूले भन्नुपर्ने ठीक कुरा भनेनौ। ८ यसैले अब सात वटा साँढ़े र सात वटा भेड़ा लिएर मेरो दास अय्यूबकहाँ जाऊ, र तिमीहरू आफ्ना निम्ति होमबलि चढ़ाऊ, र त्यसले तिमीहरूका निम्ति अन्तर्बिन्ती चढ़ाउनेछ। म त्यसको प्रार्थना सुन्नेछु अनि तिमीहरूको मूर्खताअनुसार तिमीहरूसित व्यवहार गर्नेछैन, किनभने अय्यूबले झैं मेरो विषयमा भन्नुपर्ने कुरा तिमीहरूले बोलेनौं।" )। कतिपय समयमा गलत कुरा गर्नुभन्दा

बरू चुपचाप लागेर बस्नु नै उत्तम हुन्छ। (यसको वास्तविकतालाई हामीमध्ये कसले महसुस गरेका छैनौं र?)। अझ धर्मकै नाउँमा किन नहोस् परमेश्वरको बारेमा गलत कुराहरू भन्नु त झन अत्यन्त नराम्रो कुरो हो। एउटा अनौठो कुरो त के छ भने ती मानिसहरूले परमेश्वरको पक्षमा बोलेर उहाँको स्वभावलाई अय्यूबको सामु सही रूपमा वाख्या गरिरहेका थिए भनेर जिकिर गरेका थिए। अय्यूबलाई जे भयो त्यो ठिकै थियो भनेर उनको तितो दुखेसोप्रति तिनीहरूले असहमत जनाइरहेका थिए। उनीमाथि ती सबै बज्रपात किन भयो त्यो बुझ्न असमर्थ त भइरहेकै थिए। तर परमेश्वरको बारेमा उनलाई यस्तो आत्मज्ञान थियो कि ती मित्रहरूले परमेश्वरको बारेमा गलत प्रचार गरेर झुठा खेती गरिरहेका थिए (अय्यूब १३:४)।

**पछिल्लो पल्ट कहिले थियो जब तपाईंले गलत कुराहरू बोल्नुभयो जुन् बोल्नु नहुने थियो? त्यस अनुभवबाट तपाईंले के सिक्नुभयो जसले गर्दा त्यस खालको भुल तपाईंले फेरि नदोहो-याउनु हुनेछ?**

## २. उहाँले मलाई मार्नुभएतापनि (अय्यूब १३:१५)

जब हामीले यस पुस्तकको सुरू गऱ्यौं तब हामीले खास गरेर यस पुस्तकको अन्तदेखि सुरू गरेका थियौं। पछिल्लो जीवनमा अय्यूबको जीवन कसरी फलिफाप भएको थियो भनेर हामीले हेरेका थियौं। यो पनि हामीले हेऱ्यौं कि अय्यूबले धेरै दुःखकष्ट र पीडा भोग्नु परेतापनि उनी केही आशामा झुण्डिरहेका थिए। साँच्चिकै भनौं भने अय्यूबको बारेमा हामीलाई प्रसस्त जानकारी भएको हुनाले उनले कल्पना गरेको भन्दा बढि आशामा रहनु उनको निम्ति जायज देखिन्छ। तर तत्कालै अय्यूबलाई सबै कुरा थाहा थिएन।

तर जब आफ्ना छोराछोरीहरू मर्छन्, आफ्ना श्री सम्पत्तिको सत्यानाश हुन्छ र आफ्नो शरीर पनि क्षतविक्षत हुन्छ तब अय्यूबलाई थाहा थिएन कि उनको जीवनले पछि गएर कस्तो फड्को मार्छ। बरू उनलाई त्यस बखत एउटै कुरा थाहा थियो कि उनको जीवन अचानकसँग खस्किन पुग्यो।

मानिस भएको हैशियतले र सर्वज्ञानी नभएको कारणले आफूमाथि आएको बिपत्तिको कारण अय्यूबले हृदयदेखि गहिरो दुखेसो पोखाउँछन्। भावुक भएर आफू नजन्मेपनि हुनेथियो भनेर व्यक्त गर्छन्। त्यतिमात्र होइन आफू भ्रुण हत्याको शिकारी भएपनि हुने थियो अर्थात् नजन्मिकनै चिहानमा परेको भए असल हुने थियो भनेर दुःख व्यक्त गर्दछन्। तैपनि अय्यूबमा आशाको किरण

अस्ताएको थिएन। आफूमाथि आएका सबै बिपत्तिहरू परमेश्वरले नै ल्याउनुभएको हो वा आफूमाथि उहाँले अन्याय गर्नुभएको छ भनेर सोचेतापनि उहाँमाथि भएको आशालाई आफूले बिटुल्न दिएका थिएनन् वा त्यागेको थिएन।

**अय्यूब १३:१५मा अय्यूबले अत्यन्त निर्णायक तथा सकारात्मक आशा व्यक्त गर्दछन्। त्यो के हो? हेर्नुहोस्ः "उहाँले मलाई मार्नुभए तापनि म उहाँमाथि आफ्नो आशा राख्नेछु। म अझै मेरो मामिला उहाँको सामुन्ने पेश गर्ने नै छु।"**

"उहाँले मलाई मार्नुभएतापनि म उहाँमाथि भरोसा राख्न छोड्दिन।" (रूपान्तरित)। यो जस्तो शक्तिशाली गवाही अरू के होला? जे जति भयो जसले गर्दा आफ्नो अन्तिम समय भनेको आफ्नो मृत्युमात्र हो भनेर अय्यूबलाई शायद थाहा नै थियो होला। त्यो पनि त्यो मृत्यु  परमेश्वरबाट नै आउँछ भनेर उनको अनुमान थियो। यदि यो भयो भने परमेश्वरलाई नै भरोसा र उहाँमाथि निष्ठावान भएर मर्न आफ्नो प्रतिवद्धता व्यक्त गरेका थिए।

"प्रभु येशू ख्रीष्टमा भएको प्रेमको भकारीलाई हरदम सम्झिरहनुपर्छ। उहाँले दिनुहुने प्रेमका पाठहरूलाई हामीहरूको मगजमा थुपारि राख्नुपर्छ। परमेश्वरमाथि तपाईंको विश्वास तथा निष्ठा अय्यूबको जस्तो होउन् र उनले जस्तो भन्न सकुन् "परमेश्वरले मलाई मारेतापनि मेरो आशा उहाँमा राख्छु" (अय्यूब १३:१५ रूपान्तरित)। स्वर्गमा रहनुहुने तपाईंको परमेश्वर पिताका प्रतिज्ञाहरूको दावी गर्नुहोस्। विगतमा तपाईं र उहाँका सेवकहरूलाई उहाँले गर्नुभएको सेवाहरूलाई सम्झनुहोस्। किनभने "उहाँलाई प्रेम गर्नेहरूलाई सबै थोक असलकै लागि हुन्छ (रोमी ८:२८ रूपान्तरित)।"- एलेन जी ह्वाइट, *द आडभेन्ट रिभ्यु एण्ड सब्बथ हेराल्ड,* अक्टोबर २०, १९१०बाट रूपान्तरित।

अय्यूबको कहालिलाग्दो परिस्थितिलाई मानव मनोविज्ञानको आधारमा हामीले हेऱ्यौं भने उनको निम्ति कुनै कुरोमा आशा गर्नु नै बेकारको थियो। तर सही कुरो के थियो भने प्रायजसो हामीहरूमा भएको प्रचलित मनोभावना अनुसार अय्यूबले सोचिरहेका थिएनन्। यदि उनले त्यो सोचेको भए उनमा के आशाको सम्भव हुनेथियो होला? बरू उनले परमेश्वरमाथि भएको विश्वास तथा निष्ठा र आशाको बारेमा अचम्मको साक्षी प्रकट गर्दछन्। परमेश्वरमाथि नै भरोसा राखेको हुनाले उनले त्यो उत्कृष्ट भावना प्रकट गर्दछन्।

**अय्यूबमाथि बिपत्तिहरू थुप्रेपनि परमेश्वरमाथि विश्वास तथा निष्ठामा अडिग भएर कसरी बस्न सके होला? त्यो सोच्नुपर्ने प्रश्न हो। देहायका पदहरूले केही हदसम्म कस्तो जवाफ दिन्छन् हेर्नुहोस्। त्यस जवाफले हामीहरूको इसाई जीवनमा हुनुपर्ने परमेश्वरमाथि भरोसा र उहाँको आज्ञाहरूलाई शिरोपर गरेर चल्ने खुबीलाई कसरी पक्रि राख्ने? हेर्नहोस्: अय्यूब १:१ "ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे।" र याकूब २:२०-२४ "२० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्र धर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।"**

## ३. आशाको किरण (१ कोरन्थी १५:११-२०)

खोइ, मेरो जीवनले कस्तो फड्को मार्छ मलाई थाहा छैन, तर जे भएतापनि मलाई यो निश्चय छ कि मैले उद्धार पाउनेछु। मलाई थाहा छ कि कोही पनि विधर्मी वा परमेश्वरमा आस्था नराख्ने मानिस परमेश्वरको अदालतमा उपस्थित हुन साहस गर्न सक्दैन।" (अय्यूब १३:१६ रूपान्तरित)। परमेश्वरले आफूलाई मारेतापनि उहाँमा निष्ठा राख्न छोड्दिन भनेर प्रतिवद्धता व्यक्त गरेको लगत्तै उपरोक्त भावना अय्यूबले उच्चारण गरेका थिए। उपरोक्त कथनले अय्यूबको जीवनमा आशाले बास गरिरहेको थियो र त्यो पनि परमेश्वरमा भनेर कसरी पुष्टि गर्दछ?

**आफू मरेतापनि वा परमेश्वरले नै उनलाई मारेतापनि आफ्नो मुक्तिको निम्ति परमेश्वरमा भरोसा राख्न नछोड्ने अय्यूबको प्रतिवद्धतालाई सराहना गर्नै पर्छ। हुन त मानविय दृष्टिकोणले त्यो अनौठो देखिन्छ तर हुनुपर्ने मानव लक्ष्यलाई मध्यनजरमा राख्दा त्यसको विकल्प अरू छैन। मृत्युबाट स्वतन्त्र हुन सक्नु नै मुक्तिको लक्ष्य नभएर अरू के होला? मृत्यु भनेको के हो? विश्वासीको निम्ति क्षणिक विश्राम हो वा छोटो निन्द्रा (वा पावर नाप) हो। अनि अनन्त**

**जीवनको निम्ति पुनरुत्थान हुन्छ। हजारौं वर्षदेखि परमेश्वरका जनहरू त्यही महान् आशामा झुण्डिरहेको होइन त? त्यही आशा अय्यूबको पनि थियो।**

प्रेरित पावलले १ कोरन्थी १५:११-२५मा आशाको बारेमा उल्लेख गरेका छन्। त्यो आशा बाहेक अरू आशा हुनुको औचित्य के छ र? हेर्नुहोस्: "११ किनकि, मेरा भाइ हो, तिमीहरूमा झगड़ा छ भन्ने कुरा क्लोएका परिवारहरूले मलाई खबर दिएका छन्। १२ मेरो भन्ने तात्पर्य यही हो, तिमीहरू कसैले, "म पावलको", कसैले "म अपोल्लोसको", कसैले "म केफासको" र कसैले "म ख्रीष्टको हुँ" भन्छौ अरे। १३ के ख्रीष्ट बाँड़िनुभएको छ र? के पावल तिमीहरूका निम्ति क्रूसमा टाँगियो र? अथवा के पावलको नाउँमा तिमीहरू बप्तिस्मा भयौ र? १४ म परमेश्वरलाई धन्यवाद दिन्छु, कि मैले तिमीहरूमध्ये क्रिस्पस र गायसलाई बाहेक अरू कसैलाई पनि बप्तिस्मा दिएको छैनँ। १५ यसकारण मेरो नाउँमा बप्तिस्मा भयौ भनी तिमीहरू कसैले भन्न पाउनेछैनौ। १६ (हो, मैले स्तिफनासको परिवारलाई पनि बप्तिस्मा दिएँ। यस उप्रान्त, मैले अरू कसैलाई बप्तिस्मा दिएँ कि दिइनँ, त्यो मलाई थाहा छैन।) १७ किनभने बप्तिस्मा दिन होइन, तर सुसमाचार प्रचार गर्न ख्रीष्टले मलाई पठाउनुभएको हो– सांसारिक बुद्धिको कुरामा होइन, नत्रता ख्रीष्टको क्रूस शक्तिहीन हुनेछ। १८ किनकि क्रूसको सन्देश नष्ट भइरहेकाहरूका निम्ति मूर्खता हो, तर हामी उद्धार पाइरहेकाहरूका निम्ति परमेश्वरको शक्ति हो। १९ किनभने लेखिएको छ, "म बुद्धिमान्हरूको बुद्धि नष्ट पार्नेछु, र चतुरहरूको चतुर्याइँ विफल तुल्याउनेछु।" २० बुद्धिमान् कहाँ छ? शास्त्री (वा पण्डित) कहाँ छ? यस युगका तर्क गर्नेहरू कहाँ छन्? के परमेश्वरले यस संसारको बुद्धिलाई मूर्ख तुल्याउनुभएन र? २१ संसारले आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचार गरेको सुसमाचारको मूर्खताद्वारा नै विश्वास गर्नेहरूलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो। २२ यहूदीहरू चिन्ह माग्छन् र ग्रीकहरू बुद्धिको खोजमा छन्। २३ तर हामीचाहिँ क्रूसमा टाँगिनुभएका ख्रीष्टलाई प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति बाधा र अन्यजातिहरूका निम्ति मूर्खता हो। २४ तर ती बोलावट भएकाहरूका निम्ति, चाहे यहूदीहरू होऊन् वा ग्रीकहरू होऊन्, ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ। २५ किनभने परमेश्वरको मूर्खता मानिसहरूको बुद्धिभन्दा श्रेष्ठ छ, र परमेश्वरको दुर्बलता मानिसहरूको बलभन्दा शक्तिशाली छ।"

परमेश्वरले दिनुहुने मुक्तिमा प्रवल आस्था व्यक्त गरेपछि अय्यूबले भन्छन् "हेनफ (hanef) उहाँको सामु आउन सक्दैन।" हेनफ भन्ने शब्दको अर्थ अपवित्र वा ईश्वरहिन वा नास्तिक हो। हिब्रू भाषामा यो अत्यन्त नकरात्मक शब्द हो। आफूले पाउने मुक्ति केवल परमेश्वरमा मात्रै छ भनेर अय्यूबलाई थाहा थियो। त्यो पनि आफ्नो जीवन परमेश्वरमा पूरै समर्पित गरियो भनेमात्र मुक्तिको स्वाद पाइन्छ। त्यसैकारण दुष्ट मानिसहरू, परमेश्वरमा विश्वास नराख्ने नास्तिकहरू वा अनिश्वरबादीहरू र हेनफ वा अपवित्र जीवन बिताउनेहरूमा आशाको किरणले बास बसेको हुँदैन। आफूले बुझेको मुक्तिको प्रतिज्ञाको बारेमा अय्यूबले प्रतिवद्धता व्यक्त गरेका थिए। परमेश्वरमा आस्था राखेर नै अय्यूबले पशु बलि दिन्थे तर त्यसको अर्थ उनलाई कतिको थाहा थियो भन्ने कुरामा हामीलाई ज्ञान छैन। हामी क्रुसको पछि जीवन बिताइरहनेहरूलाई जस्तै येशू मर्नुभन्दा अय्यूब जस्ता परमेश्वरमा निष्ठावान भएर बसेका व्यक्तिहरूलाई मुक्तिको बारेमा पूरा ज्ञान थियो भन्न सकिन्दैन। यद्यपि अय्यूबलाई चाहिने प्रसस्त आत्मज्ञान थियो जसले यो देखाएको थियो कि मुक्ति भनेको केवल परमेश्वरमा आशा राख्नु हो। आफूले परमेश्वरको उपासना गर्नु र पशुबलिहरू चढाउनुको अर्थ परमेश्वरमा नै मुक्ति पाइन्छ भनेर देखाएको विश्वासको नमुना थिए।

## ४. संसार सृष्टि गर्नुभन्दा अघि रोपिएको आशा (२ तिमोथी १:८,९)

हामी मध्ये कतिजना हौंला जो अय्यूबको जस्तो भिषम् परिस्थितिमा डुब्नु परेतापनि आशाको बारेमा सकारात्मक भावनाहरू व्यक्त गर्न सक्छौं? उनको विश्वास, निष्ठा र आज्ञाकारिताको वास्तविकतालाई व्यक्त गरेका अय्यूबका वचनहरू अनन्त सम्म साक्षी भएर बस्नेछन्।

अय्यूबमा आसा थियो किनभने उनले आशाको परमेश्वरलाई सेवा गर्दथे। अदनको बगैंचामा आदम र हव्वाको पतनदेखि (उत्पत्ति ३) युगको अन्त्यसम्म बेबिलोनरूपी मानव सभ्यताको पतनसम्म (प्रकाश १४:८) मानव इतिहास पाप, अधर्म, घृणित क्रियाकलाप र आतङ्कको विवरणले बाइबल भरिएको छ। फेरि त्यसै वखत बाइबल आशाले भरिएको पुस्तक पनि हो। बाइबलमा यस्ता आशा, अलौकिक दृष्टि वा परिकल्पनाहरूले भरिएका छन् जुन् कि यस संसारको कुनै पनि वाद, दर्शन वा ज्ञानले प्रदान गर्न सक्दैन।

"यस संसारलाई पूर्णरूपमा नियन्त्रण गर्न परमेश्वरले येशूलाई अधिकार दिनुभएको छ। पतित मानिसको जातमा परमेश्वरबाट आएको प्रत्येक आशिष

**खीष्टबाट नै हुन्। येशूले मानव अवतार लिनुभन्दा अघि र पछि उहाँ उद्धारकर्ता हुनुहुन्थ्यो। पाप हुने बित्तिकै मुक्तिदाताको प्रावधान बनाइएको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. २१०बाट रूपान्तरित। हामीहरूको महान् आशा प्रदान गर्ने येशू खीष्टबाहेक अरू को मुक्तिदाता होला र?**

एलेन जी ह्वाइटले व्यक्त गर्नुभएको भावनालाई बाइबलका देहायका पदहरूले कसरी पुष्टि गर्दछन्? हेर्नुहोस्: एफिसी १:४-६ "उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो। ५ उहाँको इच्छाको लक्ष्यअनुसार खीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो, ६ यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैंमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।", तितस १:१-३ "१ परमेश्वरको सेवक र येशू खीष्टको प्रेरित पावलबाट, परमेश्वरका चुनिएकाहरूको विश्वास र भक्तिसँग मिल्दो तिनीहरूका सत्यको ज्ञान बढ़ाउनलाई, २ जुन विश्वास र ज्ञान अनन्त जीवनको आशामा स्थिर छन्, अनि कहिल्यै झूट नबोल्नुहुने परमेश्वरले अनन्त कालदेखि प्रतिज्ञा गर्नुभयो। ३ परमेश्वर हाम्रा मुक्तिदाताको आज्ञाअनुसार मलाई जिम्मा लाएको प्रचारद्वारा उचित समयमा उहाँले आफ्नो वचन प्रकट गर्नुभयो, २ तिमोथी १:८-११ "८ हामी जान्दछौं कि यदि कसैले उचित रूपले पालन गऱ्यो भने व्यवस्था असल छ। ९ हामी यो पनि जान्दछौं कि व्यवस्था असल मानिसको निम्ति होइन, तर व्यवस्था भङ्ग गर्नेहरू र अनाज्ञाकारीहरूका निम्ति, भक्तिहीन र पापीहरू, अपवित्र र दूषितहरू, पितृघातक र मातृघातकहरूका निम्ति, ज्यानमाराहरूका निम्ति, १० व्यभिचारीहरूका निम्ति, पुरुषगामीहरूका निम्ति, अपहरणकारीहरूका निम्ति, झूटा बोल्नेहरूका निम्ति, झूटा गवाही दिनेहरूका निम्ति, र सत्य सिद्धान्तका विरुद्धमा भएका अरू कुनै कुराहरूका निम्ति हो। ११ यो मलाई सुम्पिएका परमधन्य परमेश्वरको महिमित सुसमाचारअनुसार छ।" र १ पत्रुस १:१७-२० "१७ पनपक्ष नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौं भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ। १८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्ट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो खीष्टको अनमोल रगतद्वारा दाम तिरी

छुट्ट्याइएका छौ। २० उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो।"

**संसारको सृष्टिभन्दा अघि मानिसहरू पापमा फस्छन् भन्ने ज्ञान परमेश्वरलाई के थाहा थियो भन्ने अचम्मको सत्य उपरोक्त पदहरूले हामीहरूलाई सिकाउँछन्। २ तिमोथी १:९मा युनानी अर्थात् ग्रीक भाषामा "अनन्तको समयभन्दा अघि नै येशू ख्रीष्टद्वारा अनुग्रह प्रदान गरेर हामीलाई बोलाउनुभएको थियो" भन्ने अर्थ लाग्दछ। त्यो अनुग्रह पनि हामीहरूको काम वा धर्मकर्मले गर्दा दिइएको होइन। (त्यस बखत हामी जन्मेकै थिएनौ भने हामीहरूको काम कसरी हुनसक्छ र?)। केवल येशूद्वारामात्र सम्भव भएको अनन्त जीवनको मुक्तिको आशा हामी जिउनुभन्दा अघि नै परमेश्वरले मानव जगतलाई दिन योजना गर्नुभएको थियो। हामीलाई आवश्यक भएकोले त्यो आशा पल्हाएको होइन। बरू त्यो त्यहाँ थियो जब हामीलाई आवश्यक परेको बेलामा उपलब्ध गराइन्छ।**

**येशूमा विश्वास गरेको कारणले हामीमा धेरै आशाको प्रतिक्षामा हुन्छौं र आशामा नै जिइरहेका हुन्छौं। हामी त्यस जगतमा छौं जुन् हामीलाई प्रेम गर्नुहुने परमेश्वरले सृष्टि गर्नुभएको थियो (यूहन्ना ३:१६), आफ्नै जीवनबाट हामीलाई उद्धार गर्नुभएको थियो (तितस २:१४), हामीहरूको प्रार्थना सुन्ने परमेश्वरको सामु हामी छौं (मत्ती ६:६), त्यो परमेश्वर जसले हामीलाई उद्धार गर्नुहुन्छ (हिब्रू ७:२५), त्यो परमेश्वर जसले हामीलाई कहिलै छोड्नुहुनेछैन भनेर कबुल गर्नुहुन्छ (हिब्रू १३:५), र परमेश्वर जसले हामीहरूको शरीरलाई बौरि उठाउनुहुनेछ भनेर प्रतिज्ञा गर्नुहुन्छ (यशैया २६:१९), र परमेश्वर जसले हामीलाई अनन्त जीवन दिनुहुनेछ भनेर बाचा गर्नुहुन्छ (यूहन्ना १४:२,३)।**

"यी कुराहरूको बारेमा हामीले के भन्ने? यदि परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने हामीहरूको बिरोधमा को उभिन सक्छ र?" (रोमी ८:३१)। बर्तमान समयमा संघर्ष गरिरहनुभएको बीचमा पनि तपाईं त्यस आशामा झुण्डिरहन कसरी सिक्ने?

## ५. आशाका प्रतिक वा नमुनाहरू

देहायका केही पदहरूले हामीहरूलाई कस्तो आशा देखाउँछ?
**उत्पत्ति ३:१५ "१५ तिम्रो र स्त्रीको बीचमा, र तिम्रो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु। त्यसले तिम्रो शिर कुच्च्याउनेछ र**

तिमीले त्यसको कुर्कुच्चो डस्नेछौ।" उत्पत्ति २२:८ "अब्राहामले भने, "छोरा, परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ।" अनि ती दुवै सँगसँगै गए।" लैब्य १७:११ "किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ। मैले रगतचाहिँ वेदीमा तिमीहरूको निम्ति प्रायश्चित गर्नलाई दिएको छु, किनभने रगतद्वारा नै मानिसका जीवनको निम्ति प्रायश्चित गरिन्छ।" यूहन्ना १:२९ "भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!"

गलाती २:१६ "हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहर्रिंदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ। यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्वारा कोही पनि धर्मी ठहर्रिंदैन।"

फिलिप्पीहरूलाई २:१६,१७ "१६ जीवनको वचन दह्रिलो गरी पक्रिराख, ताकि म व्यर्थमा नदगुरुँ, र मैले व्यर्थमा परिश्रम गरिनँ भनी ख्रीष्टको दिनमा म गर्व गर्न सकूँ। १७ यदि तिमीहरूका विश्वासको बलिदानमाथि अर्घ-बलिको रूपमा अर्पित हुनुपरे तापनि म आनन्दित छु, र तिमीहरू सबैसँग म रमाउँछु।"

१ कोरन्थी १०:१३ "मानिसलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौ। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुनेछ– यसरी तिमीहरू त्यसलाई खप्न सक्नेछौ।" दानिएल ७:२२ "१९ "तब मैले त्यो चौथो जनावरको साँचो अर्थ जान्न चाहें, जुनचाहिँ फलामका दाँत र काँसाका नङ्ग्रा भएको अरूभन्दा फरक र अत्यन्तै डरलाग्दो थियो– त्यो जनावर जसले आफ्नो शिकारलाई चपाएर खाइदियो र बाँकी रहेकालाई खुट्टाले कुल्चीमिल्ची पाऱ्यो। २० मैले त्यसको टाउकोमा भएका दश सीङका बारेमा र त्यहाँबाट निस्केको अर्को सीङको बारेमा पनि जान्न चाहें, जसको सामु तीमध्ये तीन वटा सीङ झरे– त्यो सीङ जो अरूभन्दा प्रभावशाली देखिन्थ्यो र जसका आँखा र अभिमानपूर्ण कुरा गर्ने मुख थिए। २१ जसै मैले हेरें, त्यो सीङ पवित्र जनहरूका विरुद्ध लड़ाइँ गर्दैथियो र तिनीहरूलाई परास्त गर्दैथियो, २२ जबसम्म ती अति प्राचीन आएर सर्वोच्चका पवित्र जनहरूको पक्षमा इन्साफको घोषणा गरे, अनि समय आयो जब तिनीहरूले

राज्य अधिकार गरे २३ "तिनले मलाई यसरी बताए: 'चौथो जनावरचाहिँ पृथ्वीमा देखा पर्ने चौथो राज्य हो। योचाहिँ अरू राज्यहरूभन्दा फरक हुनेछ र समस्त पृथ्वीलाई कुल्चीमिल्ची पारी निल्नेछ। २४ दश सीङहरू त्यस राज्यबाट आएका दश राजाहरू हुन्। त्यसपछि पहिलेको भन्दा फरक, अर्को राजा खड़ा हुनेछ। उसले तीन राजाहरूलाई दबाउनेछ। २५ उसले सर्वोच्चको विरुद्धमा बोल्नेछ र उहाँका पवित्र जनहरूलाई अत्याचार गर्नेछ र ठहऱ्याइएका समय र व्यवस्थाहरू फेर्न प्रयत्न गर्नेछ। पवित्र जनहरू साढ़े तीन वर्षसम्म* उसको हातमा सुम्पिइनेछन्। २६ "तर अदालत बस्नेछ, र त्यसको अधिकार खोसिनेछ र सदाको निम्ति पूर्ण रूपले नाश गरिनेछ। २७ तब सम्पूर्ण स्वर्गमुनिका राज्यहरूको सार्वभौमिकता, शक्ति र महानता सर्वोच्चका मानिसहरू, अर्थात् पवित्र जनहरूलाई दिइनेछ। उहाँको राज्य अनन्तको राज्य हुनेछ, र सबै शासकहरूले उहाँको आराधना र आज्ञापालन गर्नेछन्। २८ "कुराको अन्त यही हो। म, दानिएल, मेरा विचारहरूले गर्दा अत्यन्तै बेचैन भएँ, र मेरो अनुहार पहेँलो भयो, तर मैले यो कुरा आफ्नो मनैमा राखें।"

दानिएल १२:१-४ "१ "त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय आउनेछ कि जातिहरू सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू– जीवनको पुस्तकमा नाम लेखिएका सबै– बचाइनेछन्। २ पृथ्वीको धूलोमा सुतेका भीड़हरू उठ्नेछन्, केही अनन्त जीवनको लागि र अरूहरूचाहिँ शर्म र अनन्त तिरस्कारको लागि। ३ बुद्धिमान्हरू आकाशको चमकजस्तै र धेरैलाई धार्मिकतामा डोऱ्याउनेहरूचाहिँ ताराहरूजस्तै सदासर्वदै चम्किरहनेछन्। ४ तर तिमीचाहिँ, हे दानिएल, यस चर्मपत्रका मुट्ठाका वचनहरू अन्तको समयसम्म बन्द गरी मोहोर लगाएर राख। धेरै जना ज्ञान बढ़ाउनलाई यता र उता जानेछन्।"

मत्ती २४:२७ "जसरी बिजुली पूर्वबाट चम्कँदा पश्चिमसम्मै उज्यालो हुन्छ, त्यसरी नै मानिसको पुत्रको आगमन हुनेछ।"

दानिएल २:४४ "यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ।"

उपरोक्त पदहरू श्रृँखलाबद्ध रूपमा पढ्नुहोस्। समस्ती रूपमा ती पदहरूले हामी येशूमाथि विश्वास गर्नेहरूलाई उहाँमा भएको आशाको बारेमा कसरी जानकारि दिन्छ?

## उपसंहारः

थप जानकारीः बाइबलको **पाना पानामा आशाको अचम्म शब्दहरूले भरिएको छ।** "मैले यी कुराहरू भनें ताकि मैले गर्दा तिमीहरूमा आशा होस्। यस संसारमा तिमीहरूमा दुःखकष्ट सतावट हुनेछ। तर खुशी होओ, किनभने संसारसँग भएको युद्धमा मैले जितिसकेको छु" (यूहन्ना १६:३३ रूपान्तरित)। "संसारको अन्तसम्म म तिमीहरूसँग सधैं रहनेछु " (मत्ती २८:२० रूपान्तरित)। "व्यवस्थाले गर्दा ल्याउने श्रापबाट ख्रीष्टले हामीलाई स्वतन्त्र बनाउनुभएको छ। हाम्रो लागि उहाँ श्रापित भएर नै हामी स्वतन्त्र हुन पुगेका हौं" (गलाती ३:१३ रूपान्तरित)। "पूर्वदेखि पश्चिमसम्म किन नहोस् उहाँले (येशू) हामीहरूमा भएको अबैध क्रियाकलापलाई हटाउनुभएको छ" (भजन १०३:१२ रूपान्तरित)। "म अत्यन्त निश्चयतासाथ भन्न सक्छु कि न त मृत्युले न त जीवनले ("तिमी येशूलाई विश्वास गर्न छोड्यौ भने तिमीलाई मार्दैनौं" भन्ने मानिसको धम्की) हामीलाई परमेश्वरको प्रेमबाट अलग गराउन सक्दैन। न त स्वर्गदूतहरू न त कुनै राक्षसी शक्ति वा अशुद्ध आत्माहरू, न त बर्तमान कुराले न त भविष्यको कुराले वा कुनै शक्तिले येशूमा भएको हामीहरूको प्रेमबाट छिनाल्न सक्छ। न त कुनै अत्यन्त उच्च स्थान वा पदले न त कुनै निच स्थान वा पदले वा यस संसारको कुनै पनि सृष्टिले हामीलाई परमेश्वरबाट अलग गराउन सक्छ। येशू ख्रीष्टले हामीहरूको निम्ति जे गर्नुभएको त्यसको कारणले हामीहरूलाई परमेश्वरको प्रेमबाट कुनै तत्वले छुडाउन सक्तैन" (रोमी ८:३८,३९ रूपान्तरित)।

"जब बादलमा सप्त रङ्ग इन्द्रेनी देखापर्छ तब म हेर्नेछु। अनि सदासर्वदा बाँधेको करारलाई म सम्झिनेछु। यो करार मेरो र यस संसारमा भएको प्रत्येक जीव र जीवातको बीचमा हो" उत्पत्ति ९:१६ रूपान्तरित)। "परमेश्वर पिताबाट हामीले कस्तो महान् प्रेम सित्तैंमा पायौं! अब हामीहरू परमेश्वरको सन्तान कहलिन पुगेका छौं। वास्तविक रूपमा हामी त्यही हौं। संसारले परमेश्वरलाई नचिनेको कारणले त्यसले हामीलाई पनि चिन्दैन" (१ यूहन्ना ३:१ रूपान्तरित)। "परमप्रभु परमेश्वर नै हामीहरूको ईश्वर हुनुहुन्छ भनेर तिमीहरूले महसुस गरुन् भन्ने म चाहन्छु। उहाँले हामीलाई बनाउनुभयो

र हामी उहाँकै अधिकारमा छौं। हामीहरू उहाँका जनहरू हौं। हामीहरू उहाँका बगालका भेँडाहरू हौं" (भजन १००:३ रूपान्तरित)।

उपरोक्त पदहरू केवल केही मात्र हुन् जसले हामीलाई परमेश्वर कस्तो हुनुहुन्छ र हामीलाई उहाँले के गर्न चाहनुहुन्छ भनेर देखाउँदछन्। यदि बाइबलले देखाएको त्यो गरिमामय आशा हामीमा छैन भने यस संसारमा अर्थमूलक जीवन जिउनुको औचित्य के?

**चिन्तनमनन:**

अ आशाको बारेमा बाइबलमा भएको अरू पदहरू के के छन्? तिनीहरूमा तपाईंलाई मनपर्ने के के पदहरू छन् र किन?

आ सेभेन्थ-डे एडभेन्टिस्टले सिकाएका सबै शिक्षादीक्षाहरूमा कुन् चाहीँ शिक्षा छन् जसले तपाईंलाई धेरै आशा दिलाउन सहायता गर्छन्?

इ हामीहरूको जीवनको अत्यन्त कठिनाईमा र कष्टहरूमा पनि बाइबलमा भएको कुनचाहीँ आशाले तपाईंलाई खुसी पार्न सिक्नुहुन्छ? बाइबलमा दिएको आशाका अनेकौं पदहरू भएतापनि बेला बेलामा विभिन्न क्रियाकलाप आदिले तपाईंलाई किन निराश पार्न सक्छ? हामीहरूको खुबी अनुसार हामी के गर्न सक्छौं जसले गर्दा हामीलाई दिएको आशालाई हाम्रो हृदयमा जगाइ राखि प्रसन्न भएर बस्न सक्छौं?

ई "आशालाई आत्मसात् गरेर, विश्वासिलो र कृतज्ञी भएर परमेश्वरसँग प्रार्थना गर्नुहोस्। मानिसहरूको बीचमा ती विषयबस्तुको बारेमा चर्चा गर्नुहोस्। परमेश्वरलाई प्रशंसा गर्न तपाईंले आफूलाई शिक्षित बनाउनुहोस्। आत्मा र शरीरमा भएको अनेकन् रोगहरूलाई चङ्गाइ गर्ने अत्यन्त प्रभावकारी औषधी ती नै हुन्।"-एलेन जी ह्वाइट, *माइन्ड, क्यारेक्टर आण्ड परसनालिटी,* ठेली २, पृ. ४९२बाट रूपान्तरित।